# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन-२०७५

**संवत् २०७५ सालको ऐन नं. ७**

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानुन बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मन्थली नगरपालिकाले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** १) यो ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५" रहेको छ ।

२) यो ऐन मन्थली नगरपालिका क्षेत्रभित्र स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "ऐन" भन्नाले मन्थली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ लाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले मन्थली नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले मन्थली नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्दछ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्दछ ।

३. **ऐन, नियम बनाउने अधिकार :** १) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम मन्थली नगरपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नका निमित्त मन्थली नगरपालिकाले आवश्यक ऐन, नियम बनाउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम नियम बनाउँदा सङ्घीय तथा प्रदेश कानुनबमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड :** १) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही मन्थली नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

# कर्मचारी कल्याण कोष सञ्चालन (कार्यविधि) ऐन - २०७६

**संवत् २०७६ सालको ऐन नं. ३**

**प्रस्तावना :** मन्थली नगरपालिकामा कार्यरत कर्मचारीहरूका लागि उपदान, लगायतका सुविधाहरू उपलब्ध गराउने प्रयोजनका लागि कर्मचारी कल्याण कोषको स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा मन्थली नगर पालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन - २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी मन्थली नगर कार्यपालिकाबाट मन्थली नगरपालिका कर्मचारी कल्याण कोष सञ्चालन (कार्यविधि) ऐन - २०७६ पारित गरी लागू गरिएको छ ।

## परिच्छेद : एक
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम "मन्थली नगरपालिका कर्मचारी कल्याण कोष सञ्चालन (कार्यविधि) ऐन - २०७६" रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भएको मितिबाट ऐनका रूपमा प्रारम्भ हुनेछ ।

**परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कोष" भन्नाले मन्थली नगरपालिकाका कर्मचारीहरूलाई उपदान जस्ता सुविधाहरू प्रदान गर्ने प्रयोजनका लागि स्थापना भएको कोष सम्झनु पर्दछ ।

(ख) "संघीय ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ग) "कार्यविधि ऐन " भन्नाले मन्थली नगरपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन (कार्यविधि) ऐन, २०७६ लाई, सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले मन्थली नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "सभा" भन्नाले नगरपालिकाको सभा सम्झनु पर्दछ ।

(च) "कार्यपालिका" भन्नाले नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) "सञ्चालक समिति" भन्नाले कोष सञ्चालनका लागि गठन भएको सञ्चालक समिति सम्झनु पर्दछ ।

(ज) "कर्मचारी" भन्नाले नगरपालिकाको स्थानीय तह तर्फका स्थायी, अस्थायी र करार सेवाका कर्मचारी जनाउँदछ ।

(झ) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेदेखि आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगर कार्यपालिकाको सचिव भै कार्य गर्ने अधिकृतलाई सम्झनु पर्दछ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नगर कार्यपालिकाले निर्णय गरी समय समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद : दुई
## कल्याण कोषको स्थापना, उद्देश्य तथा प्रयोग सम्बन्धी व्यवस्था

**(३) कल्याण कोषको स्थापना :** (१) मन्थली नगरपालिकाको कर्मचारी कल्याण कोष (सञ्चालन) प्रयोजनका लागि मन्थली नगरपालिकामा कर्मचारी कल्याण कोष नामको एक कोष रहने छ ।

(२) उपदफा -१ बमोजिम स्थापना हुने कोषमा पहिलो वर्ष नगरपालिकामा हालसम्म

कर्मचारी कल्याण कोष शीर्षकमा विनियोजित रकम जम्मा गरिने छ। कोष सञ्चालनका लागि नगरपालिकामा स्थानीय सेवा तर्फका अस्थायी तथा करारका कर्मचारीहरूले पाउने शुरू तलब स्केलको दस प्रतिशत रकम काटी उक्त कोषमा जम्मा गरिने छ। नगरपालिकाले पनि कर्मचारीहरूबाट काटिएको रकम बराबर को थप रकम उक्त खातामा जम्मा गर्नु पर्नेछ।

(३) स्थानीय सेवा तर्फका स्थायी प्रकृतिका कर्मचारीहरूको सेवा सुविधा तथा कोषको हकमा संघीय तथा प्रदेश कानुनमा भएको व्यवस्था अनुसार हुनेछ।

(४) माथि उल्लेखित रकम बाहेक उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरू रहने छन् :

(क) कर्मचारी कल्याण कोषका लागि नगरपालिकाले हालसम्म छुट्याएको रकम,

(ख) अन्य निकायबाट नगरपालिकाको उक्त कोषलाई अनुदान स्वरूप प्राप्त रकम,

(ग) कुनै व्यक्ति, संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ) कोषमा रहेको रकमबाट प्राप्त ब्याज रकम,

(ङ) कर्मचारीलाई सुविधा दिने प्रयोजनका लागि नगरपालिकाले विनियोजन गरेको अन्य रकम,

(३) उपदफा (२) बमोजिम कोषमा जम्मा भएको रकम सञ्चालक समितिले तोकेको कुनै वाणिज्य बैंकमा "कर्मचारी कल्याण कोष" को नामको बचत खाता खोली राखिने छ।

**४. सदस्यता :** (१) नगरपालिकाका स्थानीय तह तर्फका अस्थायी तथा करार कर्मचारी स्वतः कर्मचारी कल्याण कोषको सदस्य हुनेछन्।

(२) उपदफा (१) बमोजिम प्राप्त सदस्यता प्राप्त त्यस्तो कर्मचारी जुनसुकै कारणबाट सेवा निवृत्त भए पनि सेवा निवृत्त भएपछि सदस्यता स्वतः समाप्ति हुनेछ।

**५. कोषको उद्देश्य :** (१) स्थानीय तहका अस्थायी तथा करारका कर्मचारीहरूलाई उपदान, सेवा बापतको आर्थिक सहयोग प्रदान गर्नु कोषको प्रमुख उद्देश्य हुनेछ।

**६. कोषको प्रयोग :** देहायबमोजिमका कामका लागि कर्मचारी कल्याण कोषको रकम प्रयोग गर्न सकिने छ :

(क) स्थानीय सेवा तर्फका अस्थायी तथा करारका जुनसुकै तवरले नोकरीबाट अलग भएकोमा उपदान लगायतका सुविधा उपलब्ध गराउन,

**७. कोषको प्रयोग गर्न नपाइने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाइने छैन।

(क) नियमित प्रशासनिक कार्यका लागि खर्च गर्न,

(ख) कुनै सरकारी वा गैर सरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रूपमा तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

घ) कुनै पनि प्रकारको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

ङ) गोष्ठी, अन्तर्क्रिया वा सभा सम्मेलन सञ्चालन गर्न,

च)	कुनै पनि पूर्वाधार निर्माणका काम गर्न गराउन,
छ)	कर्मचारी कल्याण बाहेक अन्य कुनै पनि कार्य गराउनू,

## परिच्छेद : तीन
## सञ्चालक समितिको गठन र बैठक प्रक्रिया

८.	**सञ्चालक समितिको गठन :** (१) कर्मचारी कल्याण कोषको सञ्चालन तथा व्यवस्थापनका लागि एक सञ्चालक समितिको गठन गरिने छ ।

(२)	उपदफा (१) बमोजिम गठन गरिने सञ्चालक समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन् :

(क)	नगरपालिकाका प्रमुख - अध्यक्ष

(ख)	नगरकार्यपालिकाले तोकेको कार्यपालिकाको एक महिला सदस्य सहित २ जना - सदस्य

(ग)	नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ)	नगरपालिकाको प्रशासन शाखा प्रमुख - सदस्य

(ङ)	नगरपालिकाको कानुन शाखा प्रमुख - सदस्य

(च)	नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य सचिव

९.	**सञ्चालक समितिको बैठक :** (१) बैठकको निर्णय सामान्यतया सर्वसम्मतिबाट गरिने छ । सर्वसम्मति कायम हुन नसकेमा अध्यक्ष समेतको बहुमतको निर्णयलाई सञ्चालक समितिको निर्णय मानिने छ ।

(२)	सञ्चालक समितिको बैठकको काम कारबाही तथा निर्णय अध्यक्ष बाहेक अन्य कुनै पद रिक्त भएको वा कुनै सदस्य अनुपस्थित भएको कारणले मात्र अमान्य हुनेछैन ।

१०.	**सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** (१) बैठकबाट पारित निर्णय कार्यान्वयन गर्ने,

(२)	नगरकार्यपालिका, नगरसभा र पदाधिकारीसँग समन्वय राखी कोषका लागि आर्थिक स्रोत जुटाउन प्रयास गर्ने,

(३)	कोषको आय वृद्धि गर्न विविध कार्यक्रम सञ्चालन गर्ने,

(४)	कोष सञ्चालनका नीति तथा कार्यक्रम निर्माण गर्ने ।

(५)	हरेक आर्थिक वर्षको हर हिसाबको लेखापरीक्षण गराउने व्यवस्था मिलाउने,

११.	**समितिका सदस्य तथा कर्मचारीको उत्तरदायित्व :** (१) कोष सञ्चालक समितिका सदस्य तथा कर्मचारीले यस ऐनको उद्देश्य विपरीत हुने गरी कोषको वितरणमा भेद्भाव गर्न वा कोषको दुरूपयोग गर्न पाउने छैन ।

(२)	उपदफा (१) को प्रतिकूल हुने गरी काम गरेको प्रमाणित भएमा त्यस्तो कार्यमा संलग्न समितिका सदस्य वा कर्मचारीले पाउने सुविधा रकम जफत गर्न सकिने छ ।

१२.	**उपदान पाउने :** (१) यो ऐन बमोजिम जम्मा भएको रकमबाट नगरपालिकामा कार्यरत स्थानीय तह तर्फका अस्थायी तथा करारका कर्मचारीले अवकाश प्राप्त गर्दा वा राजिनामा स्वीकृत गराई पदबाट अलग हुँदा पाउने उपदान लगायतका सुविधाहरू यसै कोषबाट प्रदान गरिने छ ।

(२) उपदफा (१) बमोजिम पाउने उपदान देहायबमोजिम उपलब्ध गराइने छ ।

(क) कार्यरत अस्थायी तथा करारका कर्मचारीको तलबबाट कट्टी गरी कोषमा जम्मा भएको बराबरको रकम र त्यसमा शत प्रतिशत रकम नगरपालिकाको कोषबाट थप गरी सेवा निवृत्त कर्मचारीलाई प्रदान गरिने छ ।

**१३. सुविधा तथा सहुलियतबाट वञ्चित गरिने अवस्था :**
देहायको अवस्थामा नगरपालिकाका अस्थायी तथा करारका कर्मचारीलाई पूरै वा आंशिक रूपमा कर्मचारी कल्याण कोष अन्तर्गत सञ्चालित कार्यक्रमबाट दिइने सुविधाबाट वञ्चित गर्न सकिने छ :

(क) प्रचलित कानुन विपरीत काम गरेको प्रमाणित भएमा,

(ख) यस कार्यविधि बमोजिम प्राप्त सुविधा तथा सहुलियत दुरूपयोग गरेको प्रमाणित भएमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

**१४. जुनसुकै शीर्षकबाट भुक्तानी हुने :**
अस्थायी वा करारका कर्मचारी अवकाश हुँदा वा अन्य कारणले ती कर्मचारीलाई रकम उपलब्ध गराउनु पर्ने अवस्थामा कोषमा रकमको अभाव वा कमी भएमा अन्य जुनसुकै शीर्षकबाट कर्मचारी कल्याण कोषमा बजेट रकमान्तर गरी भुक्तानी गरिने छ ।

## परिच्छेद : चार
## कोषको सञ्चालन, लेखा तथा लेखापरीक्षण

**१५. कोषको खाता :** (१) नगरपालिकाले कर्मचारी कल्याण कोषका लागि अलग्गै विशेष बचत बैंक खाता खोल्ने छ ।

**१६. खाता सञ्चालन :** (१) कोषको आर्थिक कारोबारका लागि बैंक खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुने छ ।

**१७. कोषको आय व्ययको लेखा तथा सोको सार्वजनिकीकरण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिने छ ।

(२) कोषले नगर कार्यपालिकाले तोके बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वार्षिक आय व्ययको विवरण समेत खुल्ने गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत् नगरसभा समक्ष पेश गर्नु पर्नेछ ।

**१८. लेखापरीक्षण :** (१) कोषको आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखा वा प्रदेश कानुनले तोकेबमोजिम हुनेछ ।

(२) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) लेखापरीक्षण प्रतिवेदन नगरकार्यपालिका मार्फत् नगरसभामा पेश गर्नु पर्नेछ ।

**१९. रकम फ्रिज नहुने :** (१) दफा ३ को उपदफा २ बमोजिम कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पूरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहने छ ।

## परिच्छेद : पाँच
## विविध

२०. **निर्देशन दिन सक्ने :** कोष सञ्चालन सम्बन्धी विषयमा नगरकार्यपालिका वा नगरसभाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२१. **सहयोगका लागि आव्हान गर्न सक्ने :** कुनै कारणले कर्मचारी कल्याण कोषमा रकम अभाव भई भुक्तानी गर्न समस्या उत्पन्न भएमा नगरपालिकाले प्रदेश तथा केन्द्र सरकार समक्ष सहयोगका लागि आव्हान गर्न सक्नेछ ।

२२. **दायित्व सर्ने :** यो ऐन प्रारम्भ हुनुभन्दा अघि सिर्जना भएका नगरपालिकाको कर्मचारी कल्याण कोषसँग सम्बन्धित हक तथा दायित्व यस ऐन बमोजिमको कोषमा सर्नेछन् ।

२३. **बचाउ :** यो ऐन प्रारम्भ हुनुभन्दा अघि नगरपालिकाको कर्मचारी कल्याण कोषको नाममा भए गरेका सम्पूर्ण कार्यहरू यसै ऐन बमोजिम भएगरेको मानिने छ । स्थायी प्रकृतिका कर्मचारीको कल्याण कोषको हकमा संघीय वा प्रदेश कानुनमा व्यवस्था भएबमोजिम कार्यविधि निर्माण गरी कार्यान्वयनमा लगिने छ ।